# भिमाद नगरपालिका
BHIMAD MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
भिमाद,तनहुँ
Bhimad, Tanahun
२०७३/2073

गण्डकी प्रदेश,नेपाल
Gandaki Province, Nepal

प.सं./Ref No.: २०७९/०८०
च.नं Des No. : ( पशु सेवा शाखा )

मितिः-२०८०/०१/२०

## विषयः लम्पि स्किन रोग सम्बन्धमा ।

हाल भिमाद नगरपालिकाका केही स्थानका गाईभैसीहरुमा लम्पि स्किन रोग (Lumpy skin disease) सँग मिल्दोजुल्दो लक्षण सहितको रोग देखिएको हुँदा पशुपालक कृषकहरुलाई आवश्यक सजकताका लागि यो सूचना प्रकाशित गरिएको छ।

### रोगको लक्षणहरुः

गाई भैसीमा ज्वरो सहित शरीरको विभिन्न वाह्य तथा भित्री भागमा डाबरा, गिर्खा, गाँठागुँठी देखिने, गाँठागुँठीबाट पानी बग्ने र पाक्ने, पशु छट्पटाउने, दुब्लाउदै जाने, खुट्टा खोच्याउने, दूध उत्पादन घट्ने र मृत्यु समेत हुन सक्ने।

### सर्ने माध्यमः

- लामखुट्टे, झिङ्गा, भुसुना आदिको टोकाईबाट,
- संक्रमित गाई भैसीको ढुवानी आवतजावत र लसपसबाट

**उपचारः** ठोस उपचार नभएको हुदाँ लक्षण अनुसारको उपचार गर्ने।

### सावधानीका उपायहरुः

(१) गोठ र मलखादको दूरी १० मिटर कायम गर्ने,
२) गोठ नियमित रुपमा फिनेल पानी वा साइट्रिक एसिडले सफा गर्ने,
३) पशु बाँध्ने गोठमा दिशा, पिसाव तथा पानी जम्न नदिने,
४) गोठ वरपरका खाल्टा खुल्टि पुर्ने,
५) भुसुना तथा लामखुट्टेबाट जोगाउन साँझमा गोठ धुवाउने,
६) गोठको जैविक सुरक्षाका लागि अनाधिकृत रुपमा मानिसको आवात जावत नगर्ने, गोठको प्रवेशद्वारमा चुना / चुनापानीको व्यवस्था गरी अनिवार्य रुपमा चुनामा मात्र टेकेर मात्र प्रवेश गराउने,
७) संक्रमित स्थान तथा संक्रमणको उच्च जोखिमका स्थानबाट पशु खरिद नगर्ने,
८) रोगी पशुलाई अलग्गै राखी दानापानीको व्यवस्था गर्ने,
९) निरोगी पशुको स्याहार सुसारपछि मात्र रोगी पशुको स्याहार गर्ने,
१०) पशुहरुलाई रोग लागेको शंका भएमा तुरुन्त नजिकको पशु सेवा शाखा/पशु सेवा केन्द्र वा नजिकको पशु स्वास्थ्य प्राविधिकलाई खबर गर्ने।

२०८०/१/२०
टेकनाथ ढकाल
प्रमुख प्रशासकीय अधिकृत

Contact No:- 065-572436, Website :bhimadmun.gov.np
Email:livestock.bhimadmun@gmail.com,bhimadmunicipality@gmail.com